# ३३. श्री हरिराम जोशी

*[संवत् २०५८ आश्विन २२ गते रोज ३ का दिन आयोजित समारोहमा 'अभिनव संस्कृति कोष' भन्ने ग्रन्थको लागि प्रदान गरिएको संवत् २०५८ सालको 'मदन पुरस्कार' त्यसका रचयिता श्री हरिराम जोशीले ग्रहण गरेपछि व्यक्त गर्नुभएको उद्गार। यो उद्गार 'नेपाली' त्रैमासिक अङ्क १७२ बाट उद्धृत गरिएको हो।]*

गुठीका अध्यक्षज्यू, श्री डायमनशमशेरज्यू, उपस्थित महिला तथा सज्जनवृन्द !

२००७ सालको ऐतिहासिक क्रान्ति भनौं पहिलो प्रजातान्त्रिक आन्दोलनको अनन्तर नेपालमा वि.सं. २०१२ मार्ग २८ मा मदन पुरस्कार गुठी नामले नेपाली भाषामा लेखेका कृतिहरूको मूल्याङ्कन गरी पुरस्कृत गर्ने उद्देश्यले पहिलो पुरस्कार गुठीको स्थापना भएको थियो जुन गुठीबाट नेपालको प्रजातान्त्रिक इतिहासमा पहिलोपटक यहाँका विद्वद्वर्गद्वारा नेपाली भाषामा लिखित कृतिहरूको उचित मूल्याङ्कन गरी तिनीहरूलाई पुरस्कृत गर्ने जस्ता कार्यको थालनी गरिएको थियो। यसैले यो गुठी भनौं या यसबाट प्रदान गरिँदै आएको जुन पुरस्कार छ, त्यसको महत्त्वलाई नेपालमा अहिले जत्ति पनि पुरस्कारहरू राखिएका छन् तिनीहरू हेरी कम आंकलन गर्नु औचित्यप्रद हुँदैन। यस हिसाबले आज मेरो यो कृति 'अभिनव संस्कृति कोष' को लागि पुरस्कार गुठीबाट पुरस्कृत गरिएको हुँदा आफूलाई ज्यादै गौरवान्वित महसुस गरिरहेको छु।

अर्को, मदन पुरस्कार गुठीबाट मेरो कृतिको लागि मलाई पुरस्कृत गरिएकोले मेरो काँधमा अहिले ठूलो जिम्मेवारी थपेको महसुस भइरहेको छ। त्यो जिम्मेवारी हो– मैले आफ्नो अध्ययन, अनुसन्धान एवं लेखन कार्यलाई सत्य निष्ठापूर्वक निर्भीक भएर निरन्तरता दिन सक्नुपरेको छ। यो पुरस्कार प्राप्त भएको अनन्तर उपर्युक्त कार्यमा यदि मैले उदासीनता देखाएँ भने मलाई लाग्छ मैले प्रस्तुत पुरस्कारको मर्मलाई बुझ्न नसकेको ठहर्छ। यसै यथार्थताको कारण प्रस्तुत पुरस्कारले मलाई आफूमाथि आइपरेको जिम्मेवारीलाई सत्य निष्ठापूर्वक निर्भीक भई पूरा गर्नेतिर अझ उत्प्रेरित गरेको छ।

अन्त्यमा, यस मदन पुरस्कार गुठीबाट मेरो कृति 'अभिनव संस्कृति कोष'को लागि मलाई वि.सं. २०५८ सालको मदन पुरस्कार प्रदान गरिएकोमा गुठीलाई हार्दिक कृतज्ञता ज्ञापन गर्न चाहन्छु ।

पुनश्च: 'अभिनव संस्कृति कोष' नामक जुन ग्रन्थको लागि अहिले मलाई मदन पुरस्कारद्वारा पुरस्कृत गरिएको छ सो ग्रन्थको प्रकाशनमा काठमाडौँ महानगर पालिकाका पूर्व उप-मेयर मित्रवर श्री नवीन्द्रराज जोशीज्यू, श्री सुशीलराम जोशी तथा अनलाइन कम्प्युटरका मालिक श्री शरण डङ्गोल, सगुन प्रिन्टिङ प्रेसका मालिक श्री मनोज राजवंशी तथा अन्य मेरा शुभचिन्तकहरूले जुन उत्साहले मलाई सहयोग गरेका थिए त्यसको लागि म उहाँहरूप्रति ज्यादै आभार प्रकट गर्दछु ।

☒ ☒ ☒